# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मणिग्राम, रुपन्देही, लुम्बिनी प्रदेश, नेपाल

प.सं.: ०७८/०७९
च.नं.:

## तिलोत्तमा बहुउद्देश्यिय टावरको सञ्चालन लिजमा दिने सम्बन्धी
## बोलपत्र आह्वानको ३० दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०७८/११/१६
सूचना नं. - आय २२/०७८/०७९

तिलोत्तमा नगरपालिकाको वडा नं.२ बनबाटिकामा करिब २ बिघाह क्षेत्रफल देहायका थप पूर्वाधार सहित निर्माण गरिएको लिफ्टयुक्त **११ तले तिलोत्तमा बहुउद्देश्यिय टावर**को सञ्चालन १० वर्षका लागि बहाल (लिज) प्रकृयाबाट निजि क्षेत्र मार्फत गराउनु परेकोले यो सूचना प्रकाशन गरिएको छ। देहायका शर्तहरुको अधिनमा रही लिजमा लिन ईच्छुक व्यक्ति वा फर्मबाट बोलपत्र आह्वान गरिन्छ।

**बहुउद्देश्यिय टावरको विवरण**

| | | | |
|---|---|---|---|
| क | भूई र पहिलो तल्ला (व्यवसायिक क्षेत्र) : | क्षेत्रफल | ३५९५ x २ = ७,१९० वर्गफुट |
| ख | दोस्रो देखि छैठौं तल्ला सम्म (व्यवसायिक क्षेत्र) : | क्षेत्रफल | २८६० x ५ = १४,३०० वर्गफुट |
| ग | सातौं देखि नवौं तल्ला सम्म (व्यवसायिक क्षेत्र) : | क्षेत्रफल | ९०८ x ३ = २७२४ वर्गफुट |
| घ | दशौं तल्ला : दृश्यावलोकन क्षेत्र, : | क्षेत्रफल | ९०८ x १ = ९०८ वर्गफुट |
| ङ | मुख्य टावर देखि बाहिरी क्षेत्रमा निर्माण भएका म्युजिकल फाउण्टेन, चाईल्ड स्टेडियम, बगैचा, फूलवारी, स्विमिङ्ग पूल, पार्किङ्ग क्षेत्र समेत। | | |

**बहुउद्देश्यिय टावरको उपयोग**

- क आतिथ्यता सेवा (हस्पिटालिटी) सम्बन्धि व्यवसायहरु जस्तै होटल, रेष्टुरण्ट, लज, स्टुडियो, पार्लर, जिम, शोरुम आदी) सञ्चालन गर्न सकिने,
- ख स्वदेशी तथा विदेशी वस्तुहरुको बिक्री सम्बन्धि व्यवसाय सञ्चालन गर्न सकिने,
- ग पुस्तकालय तथा विद्युतिय पुस्तकालय सञ्चालन गर्न सकिने,
- घ परम्परागत सीपमा आधारित हस्तनिर्मित वस्तुहरुको प्रदर्शनी एवं बिक्री व्यवसाय गर्न सकिने,
- ङ विभिन्न उचाईबाट मनोरम दृश्यावलोकन गराउन सकिने।

**ठेक्का सम्बन्धि शर्तहरु**

१ बोलपत्र फाराम यो सूचना प्रकाशन भएको मितिले ३०औं दिनको कार्यालय समय भित्र एन.आई.सि एशिया बैंकमा रहेको १०५२०५५४९९५९९०१२ खातामा रु.३०००। (फिर्ता नहुने गरि) जम्मा गरेको भौचर राजस्व शाखामा पेश गरि खरिद गर्न सकिनेछ। यसका फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी, स्थाई लेखा नं प्रमाणपत्रको प्रतिलिपी र आ.व.०७७।०७८ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरि निवेदन दिनुपर्नेछ

२ वार्षिक न्युनतम कबोल अंक **रु.३९,००,०००।- (अक्षेरुपी उन्चालिस लाख मात्र)** कायम गरिएको छ। बोलदाताले आँफुले बुझाउन मञ्जुर गरेको वार्षिक बहाल रकम अंक तथा अक्षर दुवैमा स्पष्ट बुझिने गरी बोलपत्रमा उल्लेख गर्नुपर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

३ बोलपत्र जमानत वापत आँफुले कबोल गरेको रकमको ५ प्रतिशतले हुने रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० दिनको म्याद भएको बैंक जमानत बोलपत्रसाथ संलग्न गर्नुपर्नेछ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले ३१ औं दिनको १२.०० बजेभित्र यस कार्यालयमा बोलपत्र दर्ता गराईसक्नु पर्नेछ। सोही दिनको २:०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थितिमा बोलपत्र खोलिनेछ। प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन।

५ बोलपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट खरिद तथा दर्ता गर्न सकिनेछ । कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको बोलपत्रलाई मान्यता दिइनेछैन ।

६ बोलपत्र स्वीकृत भएपछि तोकिएको अवधि भित्र तोकिएको रकम दाखिला गरि सम्झौता गरिसक्नु पर्नेछ । तोकिएको अवधिमा सम्झौता नगरेमा वा ठेक्का लिन मञ्जूर नगरेमा निज पछिको दोस्रो, तेस्रो क्रम अनुसार अरु बोलपत्रदातालाई प्राथमिकता दिई निजहरुलाई सूचना जारी गरी ठेक्का बन्दोबस्त गरिनेछ । यसरी दोश्रो, तेश्रो क्रम अनुसार सम्झौता गर्नुपर्ने अवस्थामा सम्झौता गर्न नआउने बोलपत्रदाताको धरौटी जफत गरिनेछ । जफत गरेको धरौटी रकम भन्दा तल्लो क्रममा जाँदाको कबोल रकमको अन्तर वढी हुने भएमा सो अन्तर वरावरको रकम अघिल्लो क्रमको बोलपत्रदातावाट सरकारी वाँकी सरह असूल उपर गरिनेछ ।

७ सम्झौता पश्चात ०७९ आषाढ मसान्त सम्म तयारी समय दिईनेछ । तयारी अवधिको बहाल बुझाउनु पर्नेछैन । यसर्थ लिजको यथार्थ अवधि आ.व.२०७९।०८० (०७९ श्रावण १ गते) बाट शुरु भई आ.व. २०८८।०८९ (०८९ आषाढ मसान्त सम्म) १० वर्षका लागि हुनेछ । सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा सम्झौता रद्द गर्न पनि सक्नेछ । यसरी सम्झौता रद्द भएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

८ ठेक्का सम्झौताका बखत बोलपत्रदाताले बुझाउन कबोल गरेको पहिलो वर्षको एकमुष्ठ बहाल रकम, सोको १३ प्रतिशतले हुने मू.अ.कर रकम नगरपालिकाको खातामा दाखिला गरेको बैंक भौचर, १.५ प्रतिशतले हुने अग्रिम आयकर वापतको रकम आन्तरिक राजस्व कार्यालयमा दाखिला गरेको भौचर र दोस्रो वर्षको लागि कम्तिमा १३ महिना अवधि रहेको वाणिज्य बैंकले जारी गरेको बैंक जमानत पेश हुन आए पछि बहाल ठेक्का सम्झौता गरिनेछ ।

९ बाँकी बहाल रकमको हकमा प्रत्येक आ.व.को श्रावण मसान्त भित्र चालु वर्षको रकम बहाल, सोमा लाग्ने मू.अ.कर तथा अग्रिम आयकर वापतको रकम नगरपालिकाको खातामा दाखिला गरेको भौचर र आगामी एक वर्षको लागि कम्तिमा १३ महिना अवधि रहेको वाणिज्य बैंकले जारी गरेको बैंक जमानत पेश हुन आएपछि चालु वर्षका लागि बहाल ठेक्का नवीकरण गरिनेछ ।

१० हरेक दुई/दुई वर्षमा शुरु कबोल रकमको १०% का दरले स्वतः बहाल बृद्धि हुनेछ । बोलपत्रदाताले सोही बमोजिम बैंक जमानत र बहाल रकम पेश पर्नेछ ।

**अन्य शर्तहरु**

१ नगरपालिकाले लिजमा दिने मुख्य संरचनाको निर्माण सम्पन्न पश्चात जे जस्तो अवस्थामा छ सोही अवस्थामा उपलब्ध गराउनेछ । मुख्य संरचनाको बाहिरी स्वरुपमा प्रभाव नपर्ने भित्री भागमा आवश्यकतानुसार आन्तरिक सजावट (ईन्टेरियर/डेकोरेशन) ईत्यादी आफ्नै लगानीमा गरि सञ्चालन गर्नुपर्नेछ । तर यस्तो खर्चको नगरपालिकामा शोधभर्ना दावी गर्ने पाईने छैन ।

२ व्यवसाय संचालनका लागि आवश्यक पर्ने फर्निचर लगायतका सञ्चालन सामग्रीहरु आफै व्यवस्थापन गर्नुपर्नेछ ।

३ नगरपालिकाबाट निर्माण भएको संरचनाहरु बाहेक तोकिएको खाली स्थानमा कार्यालयबाट स्वीकृति लिई अस्थाई संरचना निर्माण गरि सञ्चालन गर्न सकिनेछ । तर ठेक्का अवधि समापत भए पश्चात उक्त संरचनाहरु नगरपालिकालाई उपयुक्त हुने नदेखिएमा बोलपत्रदातालाई हटाउन आदेश दिन सक्नेछ । यस्तो अवस्थामा बोलपत्रदाताले त्यस्ता संरचना हटाई खाली गरिदिनुपर्नेछ ।

४ प्राकृतिक विपत्तिबाट हुन जाने ठुला क्षति बाहेक सबै प्रकारका मर्मत सम्भार गर्नुपर्नेछ ।

५ खानेपानी, बिद्युत आदीको महसूल बुझाउनु पर्नेछ साथै जडान भएका विद्युत तथा खानेपानीको मिटर, ट्रान्सफर्मर, जेनेरेटरहरुको मर्मत सम्भार गर्नुपर्नेछ ।

६ मुख्य टावरमा जडान भएको लिफ्ट र परिसरमा निर्माणाधिन म्युजिकल फाउण्टेन, चाईल्ड स्टेडियम, बगैचा, फूलवारी, स्विमिङ्ग पूल, पार्किङ्ग क्षेत्र, विद्युत तथा खानेपानी मिटर, ट्रान्सफर्मर, जेनेरेटर लगायतको उचित संरक्षण, मर्मत सम्भार तथा नियमित सरसफाईको व्यवस्था गर्नुपर्नेछ ।

७ यसमा सूचनामा समावेस नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

८ थप जानकारीको लागि कार्यालय समयमा राजस्व शाखामा सम्पर्क राख्न जानकारी गराईन्छ ।

..............................
प्रमुख प्रशासकीय अधिकृत